01९

Ph.No.०७८५४०४१२
Email:-info.dcnawalpur@supremecourt.gov.np

श्री

# नवलपुर जिल्ला अदालत

कावासोती

पत्र. संख्या ०७७/०७८
चलानी नं.

मितिः २०७८।०३।१८

## सूचना

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको कारण यस अदालतको कामकारबाही तथा प्रवाह हुने सेवामा संकुचन ल्याउने गरी यस अदालतको पूर्ण बैठकबाट विभिन्न मितिमा निर्णय भएकोमा यसभन्दा पूर्व यस अदालतबाट जारी सूचनामा उल्लेख भएका सेवाहरु यथावत सुचारु राखी देहाय बमोजिमका कामकारबाही मिति २०७८।०३।२० बाट थप गर्ने गरी मिति २०७८।०३।१८ को यस अदालतको पूर्ण बैठकबाट निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) अंग पुगेका मुद्दाहरुको तारेखमा रहेका पक्षहरु उपस्थित भई सुनुवाई गरिपाउँ भनी अनुरोध गरेमा सुनुवाई गर्ने।
२) बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोग पत्रमा दाबी लिइएको न्यूनतम हुने कैद सजाय भन्दा बढी अवधि थुनामा बसेको मुद्दामा प्रमाण मुकरर तथा पेशी सम्बन्धी कार्य गर्ने।
३) निषेधाज्ञासम्बन्धी रिट निवेदनको दर्ता तथा सुनुवाई।
४) निश्चित संख्या तोकी अधिकृत वारेसनामा समेतका विशेष प्रकृतिका निवेदनहरु सम्बन्धी निवेदन हेर्ने।
५) फैसला वा आदेशको नक्कल उपलब्ध गराउने।
६) दशीका रुपमा अभियोगपत्रसाथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धि कारबाही गर्ने।
७) निषेधाज्ञा जारी हुनुपुर्व नै तारेख गुजारी तारेख थमाउने अवधी व्यतित भएका मुद्दाको डिसमिस तथा तामेली सम्बन्धी कार्य।
८) अन्तरकालीन वा अन्तरिम आदेश जारी गर्ने माग सहित दर्ता हुन आएमा फिरादपत्र प्रतिदिन ३ (तीन) थानका दरले दर्ता गर्ने।
९) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद र तारेख नगुज्रने।
१०) सेवा लिन आउँदा स्वास्थ्य सुरक्षा सम्बन्धी पुर्व सूचना अनुसारको मापदण्ड अनिवार्य रुपमा पालना गर्नुहुन अनुरोध छ।

२०७८।३।१८

महेन्द्र प्रसाद पौड्याल
स्रेस्तेदार (उपसचिव)

श्रेस्तेदार
(उप सचिव)